# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः २ रिब्दीकोट असार ६, २०७६ साल संख्याः १**

**भाग – २**

**रिब्दीकोट गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम तालिम, गोष्ठी, अभिमुखीकरण, अन्तर कृया तथा कार्यशाला संचालन सम्बन्धी खर्चको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## तालिम, गोष्ठी, अभिमुखीकरण, अन्तरकृया तथा कार्यशाला संचालन सम्बन्धी खर्चको कार्यविधि २०७६

गाउँसभाबाट पारित मिति : २०७६।०३।०६

प्रस्तावना

सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी, वस्तुनिष्ठ बनाई कम खर्चमा बढी भन्दा बढी उपलब्धी हासिल गर्न र गाउँपालिकाको बजेट मार्फत विभिन्न इकाई, शाखा, उपशाखा र वडा तहहरुमा संचालन गरिने कार्यक्रमहरुमा एकरुपता कायम गर्ने उद्देश्यले यो कार्यविधि तयार गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक १

क) संक्षिप्त नाम र परिभाषा : यसको नाम तालिम गोष्टी, सेमिनार,

अन्तरक्रिया, अभिमुखीकरण संचालनका लागि खर्च गर्ने सम्बन्धी कार्यविधि २०७६, लागु हुनेछ

ख) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) "वडा कार्यालय" भन्नाले रिब्दीकोट गाउँपालिका अन्तर्गतका ८ वटै वडाहरुलाई जनाउँछ ।

ख) "गाउँपालिका" भन्नाले रिब्दीकोट गाउँकार्यपालिकाको कार्यालय, खस्यौली, पाल्पालाई जनाउँछ ।

ग) "इकाई, शाखा, उपशाखा" भन्नाले रिब्दीकोट गाउँपालिका भित्र नेपाल सरकार वा प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना वा गाउँकार्यपालिकाबाट स्वीकृत संगठन संरचना भित्रका बिभिन्न शाखा, उपशाखा वा इकाई समेतलाई जनाउँछ ।

घ) "सहजकर्ता/प्रशिक्षक/स्रोतव्यक्ति" भन्नाले तालिम, गोष्ठी, सेमिनार, कार्यशाला, अभिमुखिकरणमा विषयवस्तु प्रस्तुती तथा सहजिकरण गर्ने व्यक्तिलाई जनाउँछ । साथै निज गाउँपालिका भित्रको वा बाह्य रुपमा आमन्त्रण गरी ल्याएको बिज्ञ समेतलाई जनाउँछ ।

ङ) नेपाल सरकार, प्रदेश सरकार वा अन्य निकायबाट तोकिए बमोजिम खर्च गर्ने भनी उल्लेख गरिएका कार्यक्रमको हकमा भने सोही बमोजिम नै हुनेछ ।

## परिच्छेद - २

३. खर्चको मानक देहाय अनुसार रहने छ ।

१) तालिम/गोष्ठी/कार्यशाला/अभिमुखीकरण कार्यक्रम संचालन गर्दा देहाय बमोजिमका मानक प्रयोग गर्नु पर्नेछ ।

क) गाउँपालिकामा हुने वा गाउँपालिका मार्फत संचालन गरिने कार्यक्रम

| क.स. | विवरण | खर्च रकम |
|---|---|---|
| १ | सहभागी भत्ता पारिश्रमिक | कार्यक्रमको औचित्य हेरी प्रति व्यक्ति प्रति दिन रु ५००।- |
| २ | सहभागी यातायात खर्च | औचित्य हेरी दुरीको आधारमा आते, जाते दिने गरी वढीमा रु ५००।- सम्म |
| ३ | सहभागी, सहजकर्ता, सहयोगी लगायतको खाजा खर्च | सहभागी संख्यामा र समूहमा ५ जना थप गरी वढीमा प्रति दिन प्रति व्यक्ति रु १५०।- का दरले |
| ४ | सहभागी स्टेशनरी | ३ दिन सम्मका कार्यक्रममा रु ५०।- का दरले, सो भन्दा वढी दिनको भएमा रु १००।-- साथै यदि आवश्यकता र औचित्यका आधारमा सामाग्री समेत दिनुपर्ने भएमा कार्यपालिकाको बैठकको निर्णय अनुसार दिन सकिने । |
| ५ | तालिम मसलन्द (व्यानर, साइनपेन, मेटाकार्ड, बोर्डमार्कर, न्यूज प्रिन्ट लगायत | आवाश्यकता र औचित्यका आधारमा प्रति समूह ३ दिन सम्मको भएमा रु १०००।- र सो भन्दा बढी भएमा प्रति समूह रु १५००।- का दरले ।यदि सामाग्री निर्माणका लागि आवश्यक सामाग्रि समेत खरीद गर्नु पर्ने अवस्था भएमा प्रति दिन थप रु २०००।- का दरले र सो भन्दा बढी र सो भन्दा वढी आवश्यक पर्ने भएमा कार्यपालिकाको बैठकको निर्णय अनुसार खर्च गर्न सकिने । |
| ६ | कार्यक्रम संयोजक/ व्यवस्थापक | प्रति दिन रु १०००।- का दरले |

| | | |
|---|---|---|
| ७ | प्रशिक्षक/सहजकर्ता | - अधिकृतस्तरका लागि प्रति सेसन रु १०००।- कार्यपत्र ह्यासआउट बापत<br>- प्रतिसेसन रु ४००।- कक्षा संचालन बापत<br>- सहायक स्तरका लागि प्रति सेसन रु. ७००।-, कार्यपत्र/ह्यासआउट बापत प्रति सेसन रु ४००।-, बाह्य प्रशिक्षकका लागि प्रति सेसन रु १४००।- (कार्यपत्र बापत) कार्यपत्र १५०० शब्दको हुनुपर्ने) रु ७००।- प्रवचन बापत<br>- गाउँपालिकाको हकमा एक दिनमा एक जना प्रशिक्षकले बढीमा २ सेसनसम्म सक्नेछ। तर बाह्य प्रशिक्षकको हकमा एक दिनमा ४ वटा सेसनसम्म लिन सक्नेछ।<br>- प्रति सेसन कम्तीमा १ घण्टा ३० मिनेटको रहने छ।<br>- अन्य व्यवस्था गर्नु पर्ने भएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ। |
| ८ | सहयोगी | प्रति समूह १ जनाका दरले प्रति दिन रु ३००।- का दरले |

ख) वडा कार्यालयमा हुने वा वडा कार्यालयमार्फत संचालन गरिने कार्यक्रम

सि.नं. विवरण खर्च रकम

१ सहभागी भत्ता पारिश्रमिक प्रति व्यक्ति प्रति दिन रु ३००।-

२ सहभागी यातायात खर्च

३ सहभागी, सहजकर्ता, सहयोगी लगायतको खाजा खर्च सहभागी संख्यामा ५ जना थप गरी प्रति दिन प्रति व्यक्ति रु १५०।- का दरले

४ सहभागी स्टेशनरी आवश्यकता र औचित्यमा आधारित न्यूनतम

तालिम वा कार्यक्रम अवधिभर एक पटक मात्र ,प्रति सहभागी रु ५०।- साथै कार्यक्रम संचालनका लागि आवश्यक सामाग्री खरिद वा छपाईका लागि रु १५००।-

५ कार्यक्रम संयोजक/व्यवस्थापकले प्रतिबेदन बापत रु १०००।-

७ प्रशिक्षक/सहजकर्ता १ दिनमा एक जना प्रशिक्षकले बढीमा २ सेसनसम्म लिन सक्नेछ गाउँपालिका भित्र वा गाउँपालिका बाहिरबाट ल्याई संचालन गर्नुपर्ने भएमा अधिकृतस्तरका लागि प्रति सेसन रु १४००।- सहायक स्तरका लागि प्रति सेसन रु ११००।- प्रति सेसनको समयको समय १ घण्टा ३० मिनेटको रहने छ ।

८ सहयोगी १ जनाका दरले प्रति दिन रु ३००।- का दरले

२.अन्तरक्रिया कार्यक्रम संचालन गर्दा

| क.स. | विवरण | खर्च रकम |
|---|---|---|
| १ | सहभागी यातायात खर्च | दुरीको आधारमा वढीमा रु ५००।- सम्म |
| २ | खाजा खर्च | रु १००।- का दरले |
| ४ | संयोजक, व्यवस्थापक र प्रतिवेदक | रु १०००।- का दरले |
| ५ | सहयोगी | ५० जना सम्म भएमा १ जना र सो भन्दा वढी भएमा २ जनाका दरले रु३००।- |
| ६ | विविध खर्च | रु १५००।- व्यानर, बोर्ड मार्कर लगायत अन्य |

३.कार्यविधि, निर्देशिका र मार्गदर्शन जस्ता कार्यक्रम संचालन गर्दा

| क.स. | विवरण | खर्च रकम |
|---|---|---|
| १ | प्रति कार्यविधि वा अन्य केही | आवश्यकता र औचित्यका आधारमा रु ५,०००।- देखि १०,०००।- सम्म |
| २ | खाजा खर्च | रु २०००।- |
| ३ | विविध खर्च | रु १५००।- |
| ४ | गाउँपालिकास्तरीय वैठक | प्रति सहभागी रु ७००।-, खाजा खर्च रु १५०।-का दरले |
| ५ | वडास्तरीय वैठक | प्रति सहभागी रु ५००।-,खाजा खर्च रु १५०।- का दरले |
| ६ | एक दिने अनुगमन | गा.पा. स्तरीय सम्बन्धित व्यक्तिलाई मात्र प्रति सहभागी रु १०००।-,खाजा खर्च रु १५०।- का दरले र वडास्तरीय रु ५००।-, खाजा खर्च रु १५०।- का दरले साथै विविध खर्च रु १०००।- र रु ५००।- मा नबढ्ने गरी |
| | | |

- माथि उल्लेखित नर्म्समा जे सुकै उल्लेख गरिएता पनि स्टेशनरी बापत (डायरी र डटपेन) गाउँपालिकाबाटै आफ्नो पहिचान हुने गरी तयार गरेको खण्डमा उक्त रकम उपलब्ध नगराई स्वयं सामाग्री नै प्रयोग गर्नु पर्नेछ। साथै मानकमा (नर्म्स) आधारित भई खर्च गर्दा नेपाल सरकारको नियम अनुसार करकट्टी गरी भुक्तानी गर्नुपर्नेछ।

आज्ञाले
रिषीराम अर्जेल
प्रमुख प्रशासकीय अधिकृत